बैठक संख्याः
मितिः२०८३/०५/१४
समयः बिहानको ११ बजे
स्थानः खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यालय

आज मिति २०८३/०५/१४ गते आइतबारको दिन बिहान ११ बजे यस खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूको अध्यक्षतमा कार्यापालिका बैठक बसि तपशिल बमोजिमको निर्णय गरियो।

उपस्थिति

| क.स | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिङमा छिरी शेर्पा | अध्यक्ष | |
| २ | श्री टासी ल्हमु शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री आङ फुर्वा शेर्पा | कार्यपालिका सदस्य | |
| ४ | श्री लक्ष्मण अधिकारी | कार्यपालिका सदस्य | |
| ५ | श्री नुरु जाङबु शेर्पा | कार्यपालिका सदस्य | |
| ६ | श्री पासाङ ग्याल्जेन शेर्पा | कार्यपालिका सदस्य | |
| ७ | श्री फुनुरु शेर्पा | कार्यपालिका सदस्य | |
| ८ | श्री आङ माया शेर्पा | कार्यपालिका सदस्य | |
| ९ | श्री डिमा याङजीन शेर्पा | कार्यपालिका सदस्य | |
| १० | श्री उमा बराईली | कार्यपालिका सदस्य | |
| ११ | श्री ल्हाक्पा गेल्जेन शेर्पा | कार्यपालिका सदस्य | |
| १२ | श्री ल्हाक्पा छिरी शेर्पा | कार्यपालिका सदस्य | |
| १३ | श्री पासाङ डोमा शेर्पा | कार्यपालिका सदस्य | |
| १४ | श्री नवराज गौतम | प्रमुख प्रशासकीय अधिकृत | |
| १५ | श्री सुजन कुमार बुढाथोकी | प्रशासकीय अधिकृत | |
| १६ | श्री चेतनाथ कटेल | लेखा अधिकृत | |

| | | | |
|---|---|---|---|
| १७ | श्री मञ्जुश्री शर्मा निरौला | प्रशासन शाखा प्रमुख | हस्ताक्षर |
| १६ | | | |
| १५ | | | |
| १६ | | | |
| १७ | | | |
| १८ | | | |
| १९ | | | |
| २० | | | |
| २१ | | | |
| २२ | | | |
| २३ | | | |
| २४ | | | |
| २५ | | | |
| २६ | | | |
| २७ | | | |
| २८ | | | |
| २९ | | | |
| ३० | | | |
| ३१ | | | |
| ३२ | | | |
| ३३ | | | |
| ३४ | | | |
| ३५ | | | |

# निर्णयहरु

**निर्णय नं. १**

रसुवा जिल्लाको भोटेकोशी नदीमा हालै आएको विनाशकारी बाढीबाट भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुनःस्थापनामा सहयोग पुर्याउने उद्देश्यले खुम्बु पासाङल्हामु गाउँपालिकाका जनप्रतिनिधिहरूको एक महिनाको सेवा सुविधा बराबरको रकम तथा गाउँपालिकाको तर्फबाट विपद् व्यवस्थापन कोषबाट रू २२,२२,०००-/ रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष मा जम्मा गर्ने ।

**निर्णय नं. २**

हाल देश तथा स्थानीय तहमा हुन सक्ने सम्भावित विपद् जोखिमलाई मध्यनजर गर्दै विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी, समन्वयात्मक तथा व्यवस्थित बनाउन खुम्बु पासाङल्हामु गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना स्वीकृत गर्ने ।

**निर्णय नं. ३**

चालू आ. व. को योजना तथा कार्यक्रम कार्यान्वयनको समीक्षा देहाय अनुसार रहेको छ ।

| वडाको विवरण | सर्भे भई सकेको | लागत अनुमान तयार भईसकेको | सम्झौता भई सकको |
|---|---|---|---|
| वडा नं. १ | १७ | ५ | - |
| वडा नं. २ | ७ | ३ | १ |
| वडा नं. ३ | १० | ४ | ४ (विपद् - २) |
| वडा नं. ४ | १९ | - | - |
| वडा नं. ५ | १० | ७ | १ |

**निर्णय नं. ४**

मिति २०८३/०५/२५ गते देखि वडास्तरमा योजना सम्झौताको लागि गाउँपालिकाको कार्यालयबाट कर्मचारी वडा नं १-५ सम्म पुग्ने हुँदा उक्त समयमा सम्बन्धित वडाका जनप्रतिनिधि अनिवार्य उपस्थिति हुन निर्देशन दिने ।

**निर्णय नं. ५: विविध**

१. मिति २०८३ भाद्र २ गतेबाट निरन्तर परेको पानीले गाउँपालिका भित्रको सबै वडामा भएको क्षतिको विवरण संकलन कार्य गाउँपालिका तथा वडाबाट प्राविधिकहरु खटाई तुरुन्त आँकलन गर्ने ।

२. वर्षाले क्षति गरेको पर्यटकीय पदमार्ग, बाढी र पहिरोले गरेको क्षतिको पालिका/वडा प्राविधिकद्वारा निरिक्षण र लागत अनुमान तयार गरि सोको आधारमा तुरुन्त पुन:निर्माण र मर्मत गर्नका लागि स्थानीय विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने निर्णय गरियो।

**तपशिल:**

| वडा विवरण | क्षतिको विवरण | कैफियत |
|---|---|---|
| वडा नं. १ | च्योङमा बस्तीको खानेपानी पाइपमा क्षति पुगेको | |
| वडा नं. २ | क. जोरसल्लेस्थित मुख्य पदमार्गको २ स्थानमा क्षति पुगेको<br>ख. जोरसल्लेस्थित खच्चड हिड्ने बैकल्पिक मार्गको ३ स्थानमा क्षति पुगेको | पहिरो |
| वडा नं. ५ | नाम्चे बस्तीभित्र बर्खे भेलले क्षति पुगेको | |

३. खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यालयको स्वीकृत दरबन्दी अनुसार रिक्त रहेका संलग्न विवरण अनुसारको पदहरूमा स्थायी पदपूर्तिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश मार्फत प्रदेश लोकसेवा आयोग कोशी प्रदेश, विराटनगरमा लेखि पठाउने ।